दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ५७ | बुटवल | २०८१ फागुन ०८, गते बिहीबार | नेपाल संवत ११४५ | Thursday Feb. 20, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१


## भारतबाट ठूलो मात्रामा अवैध कुखुरा र मासुको अवैध आयातले नेपालको पोल्ट्री क्षेत्र तहसनहस

**खुला सीमाको फाइदा उठाउँदै दैनिक करिब तीन सय क्वीन्टल ब्रोइलर कुखुरा अवैध ढंगले रूपन्देही भित्रिने गरेको व्यवसायीको दाबी छ । यसले कुखुरापालक, दाना, ह्याचरी र मासु पसल सबै व्यवसाय संकटमा परेपछि उनीहरुले एक महिने गस्ती अभियान थालेका छन् ।**





**टि.आर. शर्मा**

*बुटवल*

रूपन्देहीका कुखुरापालक, ह्याचरी व्यवसायी र दाना व्यवसायीहरु आजभोलि रातिमा सुत्न पाएका छैनन् । अरु व्यवसाय गर्नेहरु मस्त निद्रामा हुँदा पोल्ट्री क्षेत्रका व्यवसायीहरु समूह बनाएर रातिमा भारतबाट मोटरसाइकल र गाडीमा अवैध कुखुरा ल्याएर बेच्ने व्यापारीलाई नियन्त्रण गर्न गस्तीमा हिंड्ने गरेका छन् ।

खुला सीमाको फाइदा उठाउँदै भारतबाट दैनिक करिब तीन सय क्वीन्टल ब्रोइलर कुखुरा अवैध ढंगले रुपन्देही भित्रिने गरेको व्यवसायीको दाबी छ । यसले कुखुरापालक, दाना, ह्याचरी र मासु पसल सबै व्यवसाय संकटमा परेपछि उनीहरुले एक महिने गस्ती अभियान थालेका छन् ।

भारतीय कुखुरा र मासु नेपालको भन्दा सय रुपैयाँ सस्तो हुने भएकाले नेपाली व्यवसायी मूल्यमा प्रतिस्पर्धा गर्न नसक्दा संकटमा परेको व्यवसायीहरु बताउँछन् ।

पोल्ट्री मञ्च रुपन्देही गठन गरेर उनीहरुले फागुन ७ गतेदेखि चैत ७ गतेसम्म विरोध कार्यक्रमसहित सीमा क्षेत्रबाट हुने तस्करी र अवैध आयात रोक्न सुरक्षा निकाय, स्थानीय सरकार र जिल्ला प्रशासनसंग समन्वय गरेर आफैं गस्ती समेत गर्ने गरी आन्दोलन सुरु गरेको बुटवलका कुखुरापालक एवं मासु व्यवसायी संघ रुपन्देहीका अध्यक्ष विशाल थापाले बताए ।

बुधबार पोल्ट्री मञ्च रुपन्देहीले इलाका प्रहरी कार्यालय छपिया, सूर्यपूरा र लुम्बिनी तथा सशस्त्र प्रहरीको कालिदह गणमा अवैध आयात रोक्न ज्ञापनपत्र बुझाएका छन् ।

दाना र ह्याचरी व्यसायी बोमबहादुर गुरुङले सीमा क्षेत्रमा तैनाथ सुरक्षा निकाय र भन्सार कार्यालयले अवैध आयात रोक्न चेकजाँचमा कडाइ नगर्दा र कतिपय सुरक्षाकर्मी तस्करहरुबाट प्रभावित भई छुट दिँदा अवैध आयात झनै मौलाएको बताए ।

'रुपन्देहीका विभिन्न नाकाबाट मात्रै दैनिक करिब तीन सय क्विन्टल जिउँदो कुखुरा र ठूलो मात्रामा कुखुराको मासु समेत भारतबाट अवैधरुपमा आयात हुने गरेको हाम्रो अनुमान छ, यसले कुखुरापालक, दाना,ह्याचरी र मासु पसल सबै व्यवसाय संकटमा परेका छन्,' गुरुङले भने-'रुपन्देही कुखुरा तस्करीको सबैभन्दा ठूलो ट्रान्जिट पोइन्ट भएको छ ।'

कुखुरापालक किसान संघका अनुसार भारतमा चल्ला, दाना र औषधिको मूल्य नेपालमा भन्दा धेरै सस्तो हुने भएकाले भारतीय कुखुराको मूल्य पनि स्वतः सस्तो हुने र भन्सार छलेर नेपालमा ल्याउँदा मागभन्दा आपूर्ति बढी भई नेपाली किसानले लागत मूल्य समेत पाउन नसकी मारमा परेका छन् । रुपन्देही बोइलर कुखुरा उत्पादनमा आत्मनिर्भर भइसकेको अवस्थामा भारतबाट ठूलो मात्रामा भित्रिंदा नेपाली किसानको कुखुरा बिक्री नहुने र बिक्री हुँदा लागत मूल्य पाउन नसकेकाले अवैध आयात तत्काल रोकिनुपर्ने किसानको माग छ ।

कुखुरापालक किसान संघ रुपन्देहीका सचिव विशाल थापाले सरकारी निकायले कुखुराको अवैध आयात पूर्णरुपमा रोक्न नसक्दा पेशा नै संकटमा परेपछि किसान आफैंले अवैध आयातलाई निरुत्साहित गर्न स्वयंसेवक टोली गठन गरी अनुगमन गर्न सुरु गरेको बताए । बुटवलबाट सुरु भएको अनुगमन टोली १६ वटै पालिकामा गठन गरी सुरक्षा निकायसँग मिलेर भारतबाट हुने तस्करी रोक्ने आफूहरुको तयारी रहेको थापाले बताए ।

किसानका समस्या र गुनासा सुनेपछि जिल्ला समन्वय समिति रुपन्देहीका संयोजक उमाकान्त चापागाईंले खुला सीमाको फाइदा उठाउँदै भारतबाट कुखुरासहित विभिन्न वस्तुको अवैध आयात हुने गरेको स्वीकार गर्दै यसलाई रोकेर नेपाली किसानलाई बचाउन सुरक्षा निकाय इमान्दार भएर चेकजाँचमा कडाइ गर्नुपर्ने बताए ।

तस्करी भएको सूचना पाए आफूलाई जानकारी गराउन आग्रह गर्दै संयोजक चापागाईंले आफू तस्करी रोकेर स्वदेशी किसानलाई संरक्षण गर्न सधैँ तत्पर रहेको स्पष्ट पारे । सीमा क्षेत्रका नेपाली कुखुरा फार्ममा दिनभर कुखुरा नहुने, तर राति भारतबाट ल्याएर अर्को दिन नेपाली कुखुरा भन्दै बेच्ने गरिएको समेत औंल्याए ।

उनले विगतमा भारतीय सेतो अण्डालाई विस्थापित गरे जस्तै भारतीय कुखुरा र चल्लाको तस्करीलाई पनि सबै मिलेर विस्थापित गर्नुपर्ने बताए । संयोजक चापागाईंले ठूला व्यापारी र ठूला किसानले साना व्यापारी र किसानलाई माथि उठ्न नदिई तहसनहस बनाउने गरी काम गरिरहेको भन्दै त्यस्तो नगर्न सचेत गराए । रुपन्देहीमा साढे तीन सय कुखुरापालक किसान रहेका छन् । उनीहरुले वार्षिक औसत प्रति फार्म दश हजार कुखुरा उत्पादन गर्छन् ।

## प्रकृतिको शव भैरहवा ल्याइयो

**मोहम्मद हबिब**

*भैरहवा*

भारतको ओडिसा भुवनेश्वरस्थित कलिङ्गा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजीको छात्रावासमा मृत भेटिएकी भैरहवाकी प्रकृति लम्सालको शव बुधबार राती भैरहवा ल्याइएको छ ।

केआइआइटी स्नातक अन्तिम वर्षमा अध्ययनरत भैरहवाकी छात्रा प्रकृतिको शव छात्रावासमा भेटिएको थियो । भैरहवाकी २१ वर्षीय लम्सालको शव पोष्मार्टम पछि दिल्ली हुँदै गोरखपुर उडानमार्फत् आएको हो । रुपन्देहीको बेलहिया नाका हुँदै गएको एम्बुलेन्सबाट शव राती भैरहवा ल्याइएको जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सुरज कार्कीले जानकारी दिए । लम्सालका बुबा सुनिल लम्साललगायतले प्रकृतिको शव लिएर बिहान १० बजे भारतको ओडिसास्थित भुवनेश्वरबाट हिंडेका थिए, शव पहिलो विमानमा आएकोले बुवा आउन केही समय लाग्ने भएकोले यताबाट प्रकृतिका मामा शिव शर्मासहितको टोली गोरखपुर एयरपोर्टबाट शव बुझी भैरहवास्थित युनिभर्सल मेडिकल कलेजको मर्चरीमा राखिएको छ ।

घटनाको जानकारी पाएपछि प्रकृतिका बुवा भारतको ओडिसा पुगेका थिए । यसैबिच आफन्तहरुले प्रकृति लम्सालको शवको भैरहवामा अन्त्येष्ठि गर्ने बुझिएको छ । शव राती मात्रै आएकोले सम्भवः बिहिबार अन्त्येष्ठि गरिने परिवार स्रोतले जानकारी दिएको छ । प्रकृतिका बुवाआमा र भाइ काठमाडौंमा बसेर उद्योग सञ्चालन गर्दै आएका थिए । हजुरबुवा र हजुरआमा भैरहवा बस्दै आएका थिए । प्रकृतिका ९ वर्षीय भाइ छन् ।

**बेलहिया नाका हुँदै ११ जना फर्किए , थप आउँदै**

भारतको कलिंगा इन्स्टिच्यूट अफ् इन्डस्ट्रियल टेक्नोलोजी (केआइआइटी) मा अध्ययनरत् ११ जना विद्यार्थीहरु बेलहिया नाका हुँदै नेपाल फर्किएका छन् ।

लम्सालको शंकास्पद मृत्युपछि सृजित परिस्थिति पछि विश्वविद्यालयले नेपाली विद्यार्थीहरुलाई छात्रावासबाट अमानवीय व्यवहार गर्दै निस्कासित गरेसँगै अध्ययनरत नेपाली विद्यार्थीहरु फर्किन लागेका हुन् । जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सुरज कार्कीका अनुसार रुपन्देही जिल्ला घर भएका विद्यार्थीहरु विभिन्न समयमा घर फिर्ता भएका हुन् । भारतबाट आ-आफ्नै तरिकाले आएका विद्यार्थीहरुलाई प्रहरीले आवश्यक विवरण लिई घरतर्फ पठाएको छ । घर फर्किएकामध्ये अधिकांश रुपन्देही जिल्लाकै रहेका छन् । आएका विद्यार्थीका अनुसार थप साथीहरु आउने क्रम जारी छ, सम्भव बुधबार राती ठूलो संख्यामा विद्यार्थीहरु फर्किने छन् ।

**काँकडभिट्टा नाका हुँदै १६ जना भित्रिए**

भारतको उडिसास्थित कालिङ्गा इन्स्टिच्यूट अफ इन्डस्ट्रियल टेक्नोलोजी (केआइआइटी) विश्वविद्यालयले निकालेकामध्ये १६ जना नेपाली विद्यार्थी स्वदेश फर्किएका छन् । उनीहरू बुधबार झापाको काँकडभिट्टा नाकाबाट स्वदेश फर्किएका हुन् ।

घर फर्किनेहरू सप्तरी राजविराज-२ तित्रीगाछीका आरती रोही, सालिमी दास, रिसक सिंह,आयुष राज, प्रजित यादव, कृष दास, राकेश साह,नवीन मण्डल रहेका छन् ।

त्यस्तै सुनसरी इनरुवा -१ का ओमप्रसाद पोद्धार, मोरङ विराटनगर-१२ का आदित्य मिश्र, कास्की पोखराका सुलभ पौडेल,आयुष अधिकारी, काठमाडौँ-१० पुरानो बानेश्वरका समिम पौडेल, ललितपुर महालक्ष्मी-४ हात्तीवनका आकाश शाह, काठमाडौँ-१३ ताहाचलका पीयूष शाह र काठमाडौँ गोकर्णेश्वर- ७ का विकेश श्रेष्ठ रहेका छन् । काँकडभिट्टाबाट नेपाल प्रवेशका गरेका उनीहरू आ-आफ्नो गन्तव्यतर्फ लागिसकेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

## अहिले नै मिसन ८४ को कुरा गर्नु कुनै औचित्य छैन : थापा




पाल्पा । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले भर्खर निर्वाचन सकिएको दुई वर्षमै मिसन ८४ भन्नु गलत भएको बताएका छन । पाल्पाको पूर्वखोलामा प्रथम लोकतान्त्रिक महोत्सवलाई सम्बोधन गर्दै कांग्रेस महामन्त्री थापाले आवधिक निर्वाचन २०८४ आउन अझैं ३ वर्ष बाँकी छ, यो समयमा विकास निर्माणमा ध्यान दिने हो, जनताका इच्छा, आकाक्षा पूरा गर्न ध्यान दिने हो,जनताको आम्दानी बढाउन ध्यान दिने हो, त्यसैले नेपाली कांग्रेस अहिले नै मिसन ८४ को अभियानमा नलाग्ने बताए ।

नेपाली कांग्रेस विगतमा यो यो काम गर्ने छौं भनेर निर्वाचनमा जनतासामु गए पनि, आगामी निर्वाचनमा नेपाली कांग्रेसले पाँच वर्षमा गरेका कामहरुको परिणामपत्र अर्थात् रिपोट कार्ड लिएर जनतासामु जाने पार्टी महामन्त्री थापाले उद्घोष गरे ।

'नेपाली कांग्रेसका नेताहरुले सरकार र पार्टीमा पाएको जिम्मेवारी अनुसारको काम इमान्दारितापूर्वक पालना गर्नुस्, आ-आफ्नो जिम्मेवारीलाई समुदायसँग जोड्नुस, अर्को निर्वाचनमा नेताले रुख चिन्हमा भोट नमागिकनै जनताले आफैं कांग्रेसलाई भोट हाल्नेछन् ।'- थापाले भने ।

एक रुपैयाँ पनि सार्वजनिक सम्पत्ती दुरुपयोग गर्ने, व्यक्तिहितमा खर्च गर्ने व्यक्ति जो सुकै भए पनि जुनसुकै पार्टीको भए पनि कानुनी कारबाही गर्नुपर्ने, त्यसको लागि नेपाली कांग्रेसको महामन्त्री गगन थापाको साथ र सहयोग रहने नेता थापाले बताए ।

» बाँकी ३ पेजमा

## छाडा पशु चौपाया व्यवस्थापनमा प्रदेश सरकारको पहल



**लुम्बिनी संवाददाता**

*बुटवल*

लुम्बिनी प्रदेशका जिल्लाहरुमा छाडा पशु चौपायाको समस्या अधिक छ । सडक जाम हुनेगरी छाडा पशु चौपाया शहरमा हुँदा दुर्घटनाको जोखिम बढेको छ । गाउँ तहमा भने किसानलाई बालिनाली जोगाउनै हम्मेहम्मे छ । स्थानीय तहहरुले आफ्नै प्रयासमा सामुदायिक गौशाला सञ्चालन गरेर व्यवस्थापनको काम अघि बढाए पनि ति गौशाला सञ्चालन र व्यवस्थापनको लागि समस्या पर्दै आएको छ ।

लुम्बिनी प्रदेश सरकारले अब प्रदेशभित्र सामुदायिक गाईबस्तुको व्यवस्थापनको कामलाई सम्बोधन गर्नेगरी नीति निर्माणलाई प्राथमिकतामा राखेको छ । समुदायमा गौशाला सञ्चालन गर्ने र त्यसलाई व्यवसायिक बनाउने समेत योजना निर्माण गरिएको छ । यसैसन्दर्भमा लुम्बिनी प्रदेश सरकार कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले बुटवल उप-महानगरपालिकासँग समन्वय गरेर सामुदायिक गाईबस्तुको व्यवस्थापनको बारेमा बृहत् अन्तर्क्रिया समेत गरेको छ । प्रदेशभित्र सामुदायिक गाईबस्तुको अवस्था र समाधानकालागि गौशाला निर्माणलगायतका अन्य योजनाको बारेमा छलफल तथा सुझावहरु संकलन गरिएको हो ।

मुख्यमन्त्री चेतनारायण आचार्यको प्रमुख आतिथ्यतामा भएको छलफलमा समुदायबाट आएका सवालहरुलाई समाधान गर्नेगरी प्रदेश सरकारले नीति निर्माण र कार्यान्वयनलाई प्राथमिकतामा राख्ने निस्कर्ष निकालेको छ ।

सरकारको एक्लो प्रयासले मात्रै सामुदायिक गाईबस्तुको व्यवस्थापन गर्न नसकिने यसमा नीति क्षेत्र, नागरिक समाज तथा समुदायको साथ आवश्यक पर्नेमा जोड दिइएको छ । मुख्यमन्त्री आचार्यले सामुदायिक गाईबस्तु व्यवस्थापनका लागि गौशाला सञ्चालनसम्बन्धी ऐन निर्माण गर्ने बताए ।

» बाँकी ३ पेजमा




दैनिक लुम्बिनी

# सम्पादकीय

## ज्यानमारा डोजर

विकास निर्माणका क्रममा डोजर प्रयोगमा खेलाँची गर्दा इस्मामा एक बालिकाको ज्यान गएको छ। आइतबार स्कुल हिंडेकी इस्मा गाउँपालिका-२ की ८ वर्षीया विष्णु कुमालले ज्यान गुमाइन्। बाटो खन्दा ख्याल नगर्दा डोजरले फालेको ढुङ्गा लागेर बालिकाको ज्यान गएपछि कानुनी कारबाही र खेलाँची रोक्न पहलकदमी लिनुपर्नेमा परिवारलाई पैसा दिएर मिलापत्र गराउनु निन्दनीय छ।

डोजरे विकासले गाउँघरमा कलिला बालबालिकाको ज्यान गइरहेको विषयमा सरकारी निकाय र समाज संवेदनहिन हुनु दुःखद हो। अझ मनपरी गरेर ज्यान लिने र पैसामा मिलापत्र गर्ने प्रवृत्तिलाई राज्यका निकायले प्रोत्साहित गर्ने कुरा कानुनी राज्यको उपहास हो। गरिबीका सामु कानुन कमजोर गराउने प्रवृत्तिले राज्य, व्यवस्था र विधिप्रति आम नागरिकको अपनत्व हुँदैन। कानुन कसैलाई लाग्ने र कसैलाई नलाग्ने हुने कुराले नागरिकमा असन्तुष्टि बढ्दै जानु अस्वाभाविक हुँदैन्। राज्य, सरकार र कानुन गरिब र सीमान्तकृत समुदायका लागि पनि समान हुनुपर्छ। उनीहरुले पनि न्याय पाउनुपर्छ। गरिबीका सामु कानुन बन्द गरेर पैसामा मिलापत्र गराउने विषय आधुनिक नेपाली समाजका लागि अपाच्य विषय हो।

गत वर्ष मुसिकोट-२ का गगन रायमाझीले पनि डोजरले फालेको ढुङ्गा लागेर ज्यान गुमाएका थिए। विकास भनेको डोजर गाउँ छिर्नु र मनपरी खन्नु मात्रै होइन। मनपरी खनेर पहिरो निम्तिएको छ नै। विद्यालय हिंडेका र विद्यालयबाट घर फर्किर्दै गरेका बालबालिका डोजरे विकासको निशानामा पर्दा के हेरेर बसेका छन्, स्थानीय सरकार ? प्रहरीले के हेरिरहेको छ ? बाल अधिकारको पक्षमा काम गर्नेहरु के गर्दैछन् ? विद्यार्थी संगठनका नेताहरु दलका नेताको ढोका चहार्दैमा उनीहरु ओत लाग्ने भ्रममा छन्।

बालबालिकाको जीवनको मूल्यलाई पैसामा रूपान्तरण गरेर कानुनको धज्जी उडाइएको छ। सम्बन्धित पक्षलाई जवाफदेही र जिम्मेवार बनाउन कानुन अनुसार कारबाही गर्न प्रहरी चुकेको छ। डोजरे विकासले गाउँ उराठ हुँदैछन्, पहिरोले बस्तीको उठिबास लागेको छ। विकासले नागरिकको अनुहारमा खुशीयाली ल्याउनुपर्ने हो। हरेक बर्खामा नागरिकको अनुहारमा आँशु देखिन्छ। गाउँमा विकास पुग्दा विद्यालय हिंडेका बालबालिकाको जीवन असुरक्षित हुन्छ भने अब त्यस्तो विकास आवश्यक पर्दैन।

विकासले आँशु ल्याउँदैन। विकासले विनाश गर्दैन। विकासले नागरिकको पीडामा मल्हम लगाउँछ। विकास सुविधा बढाउन हो। नागरिकको घरबास र बालबालिकाको जीवन सक्नका लागि होइन्। राज्य लाचार होइन, गैरजिम्मेवार होइन, नागरिकको जीवनप्रति संवेदनशिल बन्नसक्नुपर्छ।

# कता जाँदैछ त हाम्रो शिक्षा ?



पवित्रा घिमिरे

मानिसहरू अक्सर भन्छन्- समाज परिवर्तन भइरहेको छ।

विज्ञान र प्रविधिको चमत्कारले संसारले साँच्चै कोल्टो फेरिसकेको छ। आज सिङ्गो विश्व एउटा सानो गाउँजस्तै भएको छ। साक्षरता दर दिनदिनै उकालो चढ्दै छ। औपचारिक शिक्षा लिने अवसर पनि पहिलेभन्दा सहज भएको छ।

इन्टरनेटको विकासले सूचना र ज्ञान प्राप्त गर्न झनै सजिलो बनाएको छ। आज चिया गफदेखि औपचारिक सभासम्म शिक्षा र प्रविधिको महत्त्वको चर्चा छ। तर यथार्थलाई नजिकबाट नियाल्दा र सार्वजनिक अभिव्यक्तिहरू हेर्दा गम्भीर प्रश्न उब्जन्छ- के हाम्रो शिक्षा र साक्षरता स्तरले साँच्चै समाजलाई चेतनशील बनाएको छ ?

के हाम्रो चेतनाको स्तर शिक्षित समाजमा पुग्न सफल भएको छ ? र, सबभन्दा महत्त्वपूर्ण प्रश्न– हाम्रो शिक्षा कता जाँदैछ ?

भनिन्छ, शिक्षा जीवनको अपरिहार्य तत्त्व हो। तर शिक्षा के हो भन्नेमा हाम्रो सोच सीमित छ। धेरैजसो मानिसहरू औपचारिक शिक्षा प्राप्त गरेर प्रमाणपत्र हासिल गरेपछि मात्र आफूलाई शिक्षित ठान्छन्।

शिक्षाको परिभाषा यति मात्र होइन। शिक्षा भनेको आत्मबोध, इमानदारी र सामाजिक चेतनाको सम्मिश्रण हो। औपचारिक शिक्षाले व्यक्तिलाई पाठ्यक्रम र प्रमाणपत्र दिन सक्छ तर चेतनशील बनाउन सक्दैन। कुनै पनि व्यक्ति स्कुल-कलेजको संरचनामा नरहे पनि शिक्षित हुन सक्छ। तर हामी यो कुरा किन आत्मसात् गर्न सकिरहेका छैनौँ।

महान् वैज्ञानिक अल्बर्ट आइन्स्टाइनले भनेका थिए- 'शिक्षा तथ्यहरूको ज्ञान हासिल गर्ने प्रक्रिया मात्र होइन, तर दिमागलाई सोच्न र तर्क गर्न सिकाउने अभ्यास हो।'

के हाम्रो शिक्षा प्रणालीले विद्यार्थीहरूलाई सोच्न, तर्क गर्न र मानवीय संवेदनालाई बुझ्न सिकाइरहेको छ ?

शिक्षा कुनै पनि समाजको विकास र रूपान्तरणको आधार हो। यसले व्यक्तिलाई मात्र होइन, सम्पूर्ण मानवतालाई उज्यालोतर्फ लैजान मद्दत गर्दछ। प्राचीन कालमा शिक्षा गुरुकुल प्रणाली, चौतारी र पाटी पौवासम्म सीमित थियो। त्यहाँ नीतिशास्त्र, धर्म र भाषा जस्ता आधारभूत ज्ञान सिकाइन्थ्यो। तर आज समयसँगै शिक्षा प्रणाली आधुनिक रूप धारण गर्दै कक्षा कोठामा सीमित भएको छ। यसको विकासले शिक्षा लिने अवसरलाई त फराकिलो बनाएको छ, तर के यसले चेतनाको स्तरलाई पनि उचाइमा पुर्‍याएको छ ?

महान् दार्शनिक जोन डेवीले भनेका थिए, 'शिक्षा जीवनका लागि तयारी मात्र होइन, शिक्षा आफैँ जीवन हो।' तर के हाम्रो शिक्षा प्रणाली जीवनको सारलाई आत्मसात् गर्न र जीवनोपयोगी सीपहरू सिकाउन सक्षम छ ?

आजको शिक्षा प्रणालीलाई हेर्दा, यसले सैद्धान्तिक ज्ञानलाई प्राथमिकता दिएको देखिन्छ। आलोचनात्मक सोच, सृजनशीलता र नैतिक चेतना जस्ता महत्त्वपूर्ण पक्षहरू अक्सर ओझेलमा परिरहेका छन्। शिक्षाले व्यक्तिलाई केवल रोजगारयोग्य बनाउने उद्देश्य राख्नु हुँदैन। बरु यसले उसलाई सामाजिक उत्तरदायित्व र मानवीय संवेदनासँग जोड्नुपर्ने आवश्यकता छ। आजको शिक्षाले चेतनाको स्तर माथि उठाउन, व्यक्ति र समाजबिचको सहकार्यलाई प्रवर्द्धन गर्न र विश्वव्यापी नागरिकता निर्माण गर्ने काम गर्नुपर्छ। शिक्षा प्रणालीलाई मात्र दोष दिएर कुनै फाइदा छैन। हाम्रा अभिभावक, शिक्षक र विद्यार्थीहरूको संयुक्त प्रयासले मात्र यो सम्भव छ।

**यसैले, शिक्षा प्रणालीको मूल उद्देश्य के हुनुपर्छ ?**

यो प्रश्नले हामीलाई आज सोच्न बाध्य बनाएको छ। शिक्षाले केवल एक दक्ष कर्मचारी उत्पादन गर्नुपर्छ कि एक सचेत नागरिक? यस प्रश्नको जवाफ मात्र हामीले भविष्यको सही मार्ग पहिल्याउन सक्नेछौँ।

पहिला-पहिलाको समयमा सूचना र समाचार प्राप्त गर्न मानिसहरूलाई निकै कठिनाइ हुन्थ्यो। रेडियो र टेलिभिजनजस्ता साधन सीमित थिए र पत्रपत्रिका पनि सबै ठाउँमा पुग्न सक्दैन थिए। परिणामस्वरूप धेरै घटनाहरू दबिएर रहने गर्थे र सार्वजनिक भए पनि न्याय पाउन हम्मे हम्मे हुन्थ्यो। कतिपय अवस्थामा भएका घटनाहरू जनतालाई थाहा नहुने र अन्याय झेलिरहेका व्यक्तिहरूको आवाज दबिइरहने अवस्था हुन्थ्यो।

समयमा सूचना र समाचार प्राप्त गर्न नसक्दा कतिपय समस्या समाधान हुन नसक्ने अवस्थामा पुग्थ्यो। तर आज विज्ञान र प्रविधिको चमत्कारिक प्रगतिले यो अवस्था धेरै सुधार गरेको छ। मोबाइल फोन, इन्टरनेट र सामाजिक सञ्जालको कारणले सूचना, समाचार र जानकारी क्षणभरमै मानिसहरूको पहुँचमा पुग्ने भएको छ। अब दबिएका आवाजहरूले पनि सामाजिक सञ्जालको माध्यमबाट आफ्नो समस्या र पीडा सार्वजनिक गर्न सक्छन्। जसले सम्बन्धित निकायहरूलाई समस्या समाधान गर्न बाध्य बनाउँछ।

यसको विकाससँगै केही गम्भीर चुनौतीहरू पनि देखिएका छन्। सामाजिक सञ्जालको अत्यधिक प्रयोगले मानिसहरूलाई मानसिक रूपमा विचलित तुल्याएको छ। गलत जानकारीको प्रसारले समाजमा भ्रम सिर्जना गरिरहेको छ। अनावश्यक आलोचना, द्वेषपूर्ण टिप्पणी र व्यक्तिगत जीवनमा हस्तक्षेपले मानिसहरूको मानसिक स्वास्थ्यमा नकारात्मक प्रभाव पारेको छ।

मानिसहरू आफ्नो वास्तविक जीवनभन्दा पनि सामाजिक सञ्जालमा समय बिताउन रुचाउन थालेका छन्। कतिपय अवस्थामा यो प्रविधि सकारात्मकभन्दा पनि नकारात्मक प्रभावकारी भएको छ। यसैले विज्ञान र प्रविधिको सही र सन्तुलित उपयोग आवश्यक छ। प्रविधिको प्रयोगले दबिएका आवाजलाई अवसर दिनु र अन्यायका विरुद्ध लड्न मद्दत पुर्‍याउनु पर्छ। तर यसको दुरुपयोग रोक्न र यसलाई संयमित रूपमा चलाउन सबैले सचेत हुनु जरुरी छ।

यदि यसको सकारात्मक पक्षलाई प्राथमिकता दिइयो भने मात्र समाजलाई सही दिशामा अगाडि बढाउन सकिन्छ।

कुनै सेलिब्रिटी वा सार्वजनिक व्यक्तिले दिएको अभिव्यक्तिलाई बुझ्ने क्रममा हामीले त्यसको प्रसङ्ग, उठाउन खोजेको विषयवस्तु र त्यो अभिव्यक्ति दिने समयको परिस्थितिलाई विचार गर्ने बानी छोडिसकेका छौँ। मानिसहरूले विषयवस्तुको गहिराइ बुझ्नुभन्दा पनि आफ्नै पूर्वाग्रहका आधारमा टिप्पणी गर्ने प्रचलन बढ्दै गएको छ। सार्वजनिक व्यक्तिहरू ट्रोलको सिकार मात्र होइन, उनीहरूको व्यक्तिगत जीवनलाई लिएर नकारात्मक टीकाटिप्पणी र गालीगलौज पनि गर्न पछि पर्दैनन्।

के सही छ र के गलत भनेर तर्क गर्नुभन्दा पनि पक्ष-विपक्षको अन्ध समर्थन र विरोधले सामाजिक संवादलाई नै विकृत बनाएको छ। सार्वजनिक रूपमा मानहानि गर्ने, घृणित शब्द प्रयोग गर्ने र मानिसको आत्मसम्मानमा प्रहार गर्ने प्रचलनले हाम्रो सामाजिक चेतनाको स्तरलाई गम्भीर प्रश्नचिन्ह लगाएको छ।

यो प्रवृत्ति नियाल्दा हाम्रो शिक्षा प्रणालीमा गहिरो समस्या रहेको देखिन्छ। औपचारिक शिक्षा लिएका र आफूलाई शिक्षित भन्ने मानिसहरू नै किन चेतनशील र विवेकशील छैनन् ? कुनै पनि विषयलाई नबुझी, तथ्य जाँच नगरी र सही-गलतको मूल्याङ्कन नगरी किन अरूमाथि खनिन्छन् ? यस्तो अवस्थामा सामाजिक सञ्जालको उपयोगलाई विवेकपूर्ण र जिम्मेवार बनाउनेतर्फ ध्यान दिनु आवश्यक छ। हामीले हाम्रो शिक्षाको उद्देश्यलाई पुनः मूल्याङ्कन गर्नुपर्छ– के हाम्रो शिक्षा प्रणालीले तथ्यको खोजी गर्ने, तर्क गर्न सक्ने र सहिष्णु बन्न सिकाइरहेको छ ? यदि होइन भने यसलाई सुधार्न अब सोच्ने बेला भइसकेको छ। जहाँ अभिव्यक्ति स्वतन्त्रताको संरक्षणसँगै जिम्मेवारी र चेतनाको विकास पनि सुनिश्चित गर्न सकिन्छ।

अहिले त कहिलेकाहीँ यो सोच्नुपर्ने अवस्था आएको छ कि हाम्रो मानवीय संवेदनशीलता कहीँ हराउँदै गएको त होइन! कुनै व्यक्ति मृत्यु शय्यामा छ र ऊसँगको अन्तिम क्षणको फोटो तथा भिडियो खिचेर सार्वजनिक गरिन्छ। यसलाई श्रद्धाञ्जली दिने नाममा, उनका परिवारको समवेदना नबुझी आफैँले सेल्फी खिचेर त्यस्ता क्षणलाई सार्वजनिक गरिन्छ। यसभन्दा पनि गम्भीर कुरा त, घाटमा गएर तँछाड मछाड गर्दै फोटो र भिडियो खिच्ने प्रवृत्तिमा वृद्धि भएको छ। यस्तो देखेर प्रश्न उठ्छ, के हाम्रो मानवीय संवेदनशीलता नै समाप्त हुँदै गएको हो ? मनुष्य त चेतनशील प्राणी हो, तर हाम्रो चेतना कहाँ जान लागेको छ ?

श्रद्धाञ्जली लेख्नु र दिनु कुनै पनि हालतमा गलत होइन। तर आजकल यसलाई आफ्नो प्रतिस्पर्धा र पहिचानको रूपमा लिइने प्रवृत्ति बढ्दो छ। यो अवस्थामा यस्तो लाग्छ कि अब यो एक प्रकारको दौड बनिरहेको छ– कसले सबैभन्दा पहिले श्रद्धाञ्जली लेख्छ र कसको अगाडि हुन्छ भन्ने कुरा महत्त्वपूर्ण बन्न गएको छ। यद्यपि सबै व्यक्तिहरू असंवेदनशील छन् भन्ने होइन। केही व्यक्तिहरूको हर्कतले यो विषयलाई चिन्तित गर्न खोजिएको हो।

समाजमा अरूको दुःख र पीडालाई लाइक र भ्युजको मापदण्डमा नाप्ने प्रवृत्ति बढेको छ। केही दिन पहिले एउटा व्यक्तिको निधन भयो र त्यहाँ फेक आइडी बनाएर उनका नाममा प्रचार गर्दै विरहका गीतहरू राखेर प्रचार गरिएको देखियो। कतिपय अवस्थामा त लासलाई पनि बेचेको देखिन्छ। यसले हाम्रो समाज, सामाजिक संरचना र शैक्षिक पद्धतिलाई गम्भीर प्रश्नचिन्हको अधीनमा राख्दछ।

आखिर सामाजिक सञ्जालका लाइक र भ्युजहरूले हामीलाई के दिन्छ ?

मानिसहरूले नजिकका व्यक्तिहरूको मानसिक र शारीरिक पीडासँग खेलबाड गरेर किन यस्तो हर्कत गर्छन् ?

यो सबैले हामीलाई हाम्रो चेतनाको स्तर र सामाजिक मूल्य र मान्यताबारे सोच्न बाध्य बनाउँछ।

मानिसहरूले सामाजिक सञ्जालमा अरूको क्रियाकलापलाई हेरेर छिट्टै धारणा बनाइरहेका हुन्छन्, जसले कहिलेकाहीँ त्यहाँका तथ्य र वास्तविकतासँग मेल खाँदैन। एक व्यक्तिले के भन्यो वा के पोस्ट गर्‍यो, त्यसको सत्यता र आधिकारिकता विचार नगरी हामी त्यसमा छिट्टै प्रतिक्रिया जनाउँछौँ।

हामी पक्ष र विपक्षमा केवल शब्दहरूको सन्दर्भमा तर्क गर्छौं तर यस प्रक्रियामा हामी कहिले पनि मुद्दाको गहिराइमा पुग्दैनौँ। यो हाम्रो शिक्षाको स्तरलाई प्रश्नमा पार्छ।

के एउटा शिक्षित व्यक्तिले यस्ता आधारहीन आरोप र अफवाहहरूको पछि लाग्नु पर्छ ?

जब कुनै व्यक्तिले मुद्दा दर्ता गर्छ वा कसैलाई आरोप लगाउँछ, त्यसको सत्यता पत्ता लगाउन हामीसँग आधिकारिक निकायहरू छन् जसले प्रक्रियाअनुसार छानबिन गर्न सक्छन्। तर हामी सामाजिक सञ्जालमा ती अफवाहहरूलाई मात्र बढवा दिँदै वास्तविक समस्यालाई अझ जटिल बनाइन्छ। यसले कहिलेकाहीँ अनुसन्धानको प्रक्रियामा अवरोध पुर्‍याउँछ र कतिपय अवस्थामा मानिसहरूले सम्बन्धित निकायको अनुसन्धानभन्दा सामाजिक सञ्जालका कुरा र भनाइलाई बढी महत्त्व दिन थाल्छन्।

यसबाट हाम्रो शिक्षा प्रणालीको विषयमा ठुलो प्रश्न उठ्छ– हाम्रो शिक्षा कता जाँदैछ ?

के हामी केवल विचार र तर्कको स्तरमा सीमित भएका छौँ वा सत्यको पहिचान गर्ने क्षमता गुमाएका छौँ ?

हाम्रो समाजले के त्यस्तो मानसिकता निर्माण गर्दै छ जसले केवल तात्कालिक प्रतिक्रिया र भावनामा आधारित निर्णय गर्न प्रेरित गर्दछ ?

कतिपय मानिसहरू भन्छन् कि हाम्रो समाज बिग्रिनुको मुख्य कारण इन्टरनेट हो। उनीहरूको धारणा छ कि इन्टरनेटकै कारण हाम्रो सामाजिक र मानवीय संवेदनशीलता हराउँदै गइरहेको छ, जसले गर्दा मानिसहरू अराजक र असंवेदनशील बन्दै गएका छन्। तर यो तर्क सम्पूर्ण रूपमा सान्दर्भिक मान्न सकिँदैन। इन्टरनेट त केवल मानवद्वारा निर्माण गरिएको उपकरण हो जसले संसारलाई जोड्ने, सूचना प्रवाह गर्ने, र ज्ञान आदानप्रदान गर्न सहयोग पुर्‍याउँछ। सामाजिक सञ्जालमा देखिने अमर्यादित व्यवहार र अराजक गतिविधिहरू भने हाम्रो समाजको संरचना र चेतना स्तरको प्रतिविम्ब हुन्। यी गतिविधिहरूले इन्टरनेटलाई होइन, हाम्रो समाजले लिएको दिशा, हाम्रो मूल्य प्रणाली र चेतनाको स्तरलाई स्पष्ट रूपमा देखाउँछन्। त्यसैले इन्टरनेटलाई दोष दिएर समस्या समाधान हुने होइन।

प्रश्न उठाउनुपर्ने कुरा यो हो– हामी कस्तो समाज निर्माण गर्दैछौँ ?

हाम्रो सामाजिक संरचना कस्तो बन्दै गएको छ ?

यसबारे गम्भीर रूपमा विचार गर्ने र आवश्यक सुधारका उपाय अपनाउने समय अब आइसकेको छ।

हामीले पक्कै पनि स्वीकार गर्नुपर्छ कि हाम्रो शैक्षिक अवस्था सुधार हुँदैछ। अन्तर्राष्ट्रिय स्तरका क्रियाकलापहरूलाई हाम्रै देशमा अवलम्बन गर्दै परिमार्जन गर्दै लगिरहेको छ। कक्षाकोठाहरू अब प्रविधिमैत्री हुँदै गइरहेका छन् र हाम्रो परीक्षा प्रणाली र मूल्याङ्कन गर्ने तरिकाहरू पनि प्रविधिमैत्री बनिरहेका छन्।

शैक्षिक अवस्थाको सुधार त भइरहेको छ तर जब मानिसहरूले अभद्र व्यवहार गर्छन्, अरूको मानसिक स्वास्थ्यको ख्याल नगरी 'जे पनि भन्न पाइन्छ' भन्ने धारणा बनाउँछन्। त्यसले हामीलाई चिन्तित पार्छ।

यसले स्पष्ट संकेत गर्छ कि हामीलाई यसबारे गम्भीर विचार गर्न आवश्यक छ। हामी सबैका लागि यो समय आएको छ कि सम्बन्धित निकायहरूले यो विषयमा गहिरो अनुसन्धान गरेर कडा नियम र कानुन बनाई त्यसको पालना कडाइका साथ गर्नु पर्छ।

हाम्रो पूर्वीय दर्शनले सधैँ जीवनका मूल्य र मान्यतालाई प्राथमिकता दिएको छ। त्यहाँ गालीगलौज र मानसिक पीडादायी शब्दहरूको प्रयोगलाई कुनै ठाउँ दिइएको थिएन। तर आजको समयमा अभिव्यक्ति स्वतन्त्रताको नाममा मानिसहरूले अरूको भावनालाई नबुझी असंवेदनशील व्यवहार देखाइरहेका छन्। अभिव्यक्ति स्वतन्त्रता निःसन्देह महत्त्वपूर्ण छ तर यो स्वतन्त्रता जिम्मेवारी र मर्यादासँग जोडिनु अनिवार्य छ। हाम्रो समाजले प्रजातान्त्रिक बाटो लिइरहेको छ, तर यस यात्रामा मर्यादा र आचारसंहिताको ख्याल गर्न आवश्यक छ। अब हामी सबैले सोच-विचारसहितको प्रयास गर्नुपर्छ जसले समाजलाई शान्त, सम्मानजनक र संवेदनशील बनाउँछ। शिक्षाको सहायताले समृद्ध समाज निर्माण गर्दै क्रूरता र असहिष्णुतालाई रोक्नु नै हाम्रो लक्ष्य हुनुपर्छ।

प्रसिद्ध दार्शनिक एरिस्टोटलले भनेका छन्, 'शिक्षाबिना हृदयको शिक्षा केही पनि होइन।'

सेतोपाटीबाट

# मध्यविन्दु बहुमुखी क्याम्पसको अध्यक्षमा पाण्डे निर्वाचित



नवलपुर। नवलपुरको कावासोती २ मा रहेको मध्यविन्दु बहुमुखी क्याम्पसको क्याम्पस व्यवस्थापन समिति गठनका लागि निर्वाचन भएको छ।

१ अध्यक्ष र ६ सदस्य पदका लागि अध्यक्ष पदमा २ जना र सदस्य पदमा १६ जनाको उम्मेदवारी परेको थियो।

बुधबार भएको मतदानपछि गरिएको मतगणनाको अन्तिम मत परिणामअनुसार अध्यक्ष पदमा क्याम्पसकै पूर्व क्याम्पस प्रमुख मुक्तिराम पाण्डे निर्वाचित भएका छन्।

पाण्डेले १ सय ४३ मत प्राप्त गर्दै अध्यक्षमा निर्वाचित हुँदा उनका प्रतिद्वन्दी दुर्गादत्त भण्डारीले जम्मा २० मत प्राप्त गरेका थिए।

त्यसैगरी सदस्यहरुमा मदन गिरीले १११ मत, उदयराज भण्डारीले ९३ मत, भिमलाल कंडेलले ८९ मत, रामकृष्ण ढुंगानाले ८९ मत, कृष्णराज सिग्देलले ७९ मत र नरदेव न्यौपानेले ७९ मत प्राप्त गरी विजयी भएका छन्। २ सय ३२ मतदाता रहेकोमा १ सय ७३ मत खसेको थियो।

# जुवानो र बिरे नुन ग्याष्ट्रिकको अचुक औषधि

मानिसको सही आहार बिहार नभएर धेरैजसो रोगी भएका छन्। खान नपाएरभन्दा पनि खान नजानेर रोगी छ हिजो आज।

अल्छी स्वभाव विकसीत हुनु अत्याधुनिक जीवनशैली, कम ब्यायाम, मीसावट युक्त अन्न, विषादीपूर्ण तरकारी, जिब्रोले स्वाद माने अत्याधिक भोजन जस्ता स्वास्थ्य प्रतिकुल कृयाकलापले मानिस रोग बाट ग्रसित छ।

मसालेदार, तारेभुटेको, चप्प खोज्ने हाम्रो स्वाद जिब्रोनै हाम्रो परम शत्रु बन्न पुगेको छ। नआतिनुहोस् यहाँ हामीले पाएको फाइदा यहाँहरु समक्ष बाँड्दै छौँ। जुवानो र बिरे नुन त हामी सबैको भान्छामा हुने चिज हो। हो यही हो यो रोग को औषधि।



जुवानो सुत्केरीलाई मात्र खुवाउने चिज होइन रहेछ। यो त पाचक रहेछ, त्यही भएर त्यो सुत्केरी अवस्थाको अत्यधिक चिल्लो पचाउने काम गर्दो रहेछ यसले। औषधि बनाउने बिधी यस्तो छ एकातिर बिरे नुनलाई धुलो हुने गरी पिसौं। ज्वानो ५ चम्चा जत्ती भुटौं र त्यो पनि पिसौं। ५ चम्चा ज्वानो मा करीब १ चम्चा बिरे नुन मिसाऔँ।

यही अनुपातमा आफूलाई चाइने मात्रामा तयार गरेर एउटा बन्द भाडोमा राख्न सकिन्छ।

जब आफूलाई रोगबाट पीडित महसुस हुन्छ तत्काल यसको प्रयोग गर्न सकिन्छ।

तत्कालै यसबाट राहत पाइन्छ। रोग नियन्त्रणमै छ भने राती सुत्नु अघी २ चम्चा यो तयार गरेको औषधि खाएर सुत्दा बिहान पेट सफा हुनुका साथै दिसा खुलेर आउँछ।

# मुक्ति माध्यमिकको ७३औं वार्षिकोत्सव



प्यूठान । प्यूठान जिल्लाकै पुरानो विद्यालय मुक्ति माध्यमिक विद्यालय रातामाटाको ७३औं वार्षिकोत्सव तथा अभिभावक दिवस कार्यक्रम सम्पन्न भएको छ । प्यूठान नगरपालिका-३ मा रहेको यस विद्यालय २००७ सालपछि मुक्ति सेनाहरुले आफ्नो पारिश्रमिकबाट स्थापना गरेको विद्यालय हो ।

प्यूठान नगरपालिकाका नगरप्रमुख एवं कार्यक्रमका प्रमुख अतिथि विष्णु योगीले शिक्षकहरुको भूमिका सबैले स्वीकार्य हुनुपर्ने बताए । 'जिल्लाकै ऐतिहासिक विद्यालय भएकोले यो विद्यालयको आवश्यकतालाई सबैको साझा बनाउनु पर्छ,' नगर प्रमुख योगीले भने- 'नगरपालिकाले शैक्षिक गुणस्तरका लागि सक्दो प्रयासहरु गरिरहेकैछ ।' सामुदायिक विद्यालयहरु समुदायले विश्वास गर्ने खालको बनाउनु पर्ने उनले बताए ।

'विद्यालयभित्र राजनीति गर्नु हुँदैन म प्रष्ट छु,' प्रमुख योगीले भने- 'शिक्षकहरुको भूमिका, दायित्व र चरित्र साझा हुनुपर्छ, राजनैतिक गन्ध आउनु हुँदैन ।' जिल्लाकै ऐतिहासिक पृष्टभूमि बोकेको यस विद्यालयको गरिमा बढाउनका लागि सबै क्षेत्रको सहयोग अपरिहार्य रहेको उनले जनाए । नगरपालिकाभित्रका सम्पूर्ण सामुदायिक विद्यालयका प्र.अ. र वि.व्य.स. अध्यक्षलाई कार्य सम्पादनमा सुधारका लागि सम्झौता गरी काम गरिरहेको उनको भनाइ छ ।

वार्षिकोत्सव कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख जिल्ला अधिकारी एवं कार्यक्रमका विशेष अतिथि रमा सुवेदी आचार्यले शैक्षिक सुधारका लागि सबै क्षेत्रको उत्तिकै दायित्व रहने बताइन । आफूले अध्ययन गरेको विद्यालय भएकाले आफ्नोतर्फबाट सक्दो सहयोग गर्ने उनको भनाइ छ ।

देशभरका सामुदायिक विद्यालयमा विद्यार्थी संख्या न्यून हुनु अत्यन्तै चिन्ताको विषय भएको प्यूठान नगरपलिका वडा नं. ३ का वडाध्यक्ष एवं नगरप्रवक्ता सुमनराज श्रेष्ठले बताए ।

'सामुदायिक विद्यालयमा विद्यार्थीको चासो घट्दै जानुमा समाजका राजनैतिक अथवा प्रतिष्ठित व्यक्तित्वको कार्यशैलीको कारण नै हो,' अध्यक्ष श्रेष्ठले भने-'हामीलाई सरकारी जागिर खान मन लाग्छ, तर आफ्ना छोराछोरी नातिनातिनालाई भने बोर्डिङमै पढाउन मनलाग्छ ।' सरकारी विद्यालयमा बालबालिकालाई पढाउनु पर्छ भनेर चासो र चिन्ता नभएको बताउँदै नियमित विद्यालयका गतिविधि बुझ्नलाई कसैको फुर्सद नहुने, तर वार्षिकोत्सवमा भने ठुल्ठुला कुरा गर्न समेत भ्याउने उनले औंल्याए ।

नगरक्षेत्रभित्रका अभिभावकविहीन बालबालिकालाई निःशुल्क आवासीय शिक्षाको व्यवस्था गरिएकोले शिक्षाबाट कोही बालबालिका पनि वञ्चित हुन नपर्ने विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं कार्यक्रमका अध्यक्ष सुन्दरा केसीले बताइन । विद्यालयको समग्र क्षेत्रको सुधारका लागि प्यूठान नगरपालिकाबाट निकै महत्वपूर्ण सहयोग पाइरहेको उनको भनाइ छ ।

वार्षिकोत्सवमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी, उत्कृष्ट शिक्षक, विद्यालयलाई जग्गा दान गर्ने दाताहरु, आर्थिक सहयोग गर्ने सहयोग दातालगायतलाई सम्मान तथा पुरस्कृत समेत गरिएको थियो ।

विद्यालयका प्रधानाध्यापक दामोदर विष्टले विद्यालयको वार्षिक प्रगति विवरण प्रस्तुत गरेका थिए भने कार्यक्रमको सञ्चालन शिक्षक दिनेश सुवेदीले गरेका थिए ।

प्रधानमन्त्री कप लुम्बिनी प्रदेशस्तरीय छनोटः

# बर्दिया र रूपन्देहीलाई सफलता







भैरहवा । बर्दिया र रुपन्देहीले प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि लुम्बिनी प्रदेशस्तरीय छनोट खेलमा जित निकालेका छन् । बुधबार भएका दुई खेलमा बर्दियाले बाँकेलाई ४ विकेटले हराउँदा रुपन्देहीले कपिलवस्तुमाथि १ सय ५६ रनको सहज जित निकालेको हो ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको खेलमा टस जितेर ब्याटिङ गरेको बाँकेले निर्धारित ५० ओभरमा ३८ ओभर २ बल खेल्दै सबै विकेट गुमाएर १ सय ७६ रन बनायो । उसका लागि सलाउद्दिन खानले ५२, आकाश विष्टले २९, सादब अन्सारीले २६ र सिद्धान्तराज शाहीले २२ रन बनाए । बलिङमा बर्दियाका सौगात खत्रीले ५, सनम बुढा र अनुल कँडेलले २-२ तथा ट्राभिस जैशीले १ विकेट लिए ।

जवाफी ब्याटिङ गरेको बर्दियाले ४७ ओभर ३ बलमा ६ विकेट गुमाएर १ सय ७७ रन बनाउँदै जित निकाल्यो । उसको जितमा केशब विष्टले ६४, आकाश खत्रीले ३६, अशिम गिरीले ३३, नविन बुढाथोकीले १३ र अर्पण पौडेलले १० रनको योगदान गरे । बलिङमा बाँकेका विजय चौधरीले ५ र सलाउद्दिन खानले १ विकेट लिए । खेलमा सौगात खत्री प्लेयर अफ द म्याच भए ।

यस्तै, तिलोत्तमास्थित एक्स्ट्राटेक ओभल क्रिकेट मैदानमा भएको खेलमा टस जितेर ब्याटिङ गरेको रुपन्देहीले निर्धारित ४७ ओभरमा ८ विकेट गुमाएर २ सय २० रन बनायो । उसका लागि प्रज्ज्वल थापाले ६९, मिर्नाल गुरुङले ३५, एजाजुल हकले ३४ र कृष्ण कार्कीले अविजित ३१ रनको योगदान गरे । बलिङमा कपिलवस्तुका मोहम्मद हुसेन गद्दी र शिव कुँवरले ३-३ तथा प्रयासदेव गैरेले २ विकेट लिए ।

प्रतिउत्तरमा कपिलवस्तु ३० ओभर १ बलमा ९ विकेट गुमाएर ६४ रन बनायो । उसले अन्मित विकेट खेलेन । उसका लागि मोहम्मद हुसेन गद्दीले २१ र रामजन अली धुनियाँले १५ रन बनाउनुबाहेक अन्य खेलाडीले दोहोरो अंकमा रन बटुल्न सकेनन् । बलिङमा रुपन्देहीका अजयकुमार चौहान र विप्रसन केसीले ३-३, कृष्ण कार्कीले २ तथा रमेश कुर्मीले १ विकेट लिए । खेलमा प्रज्वल थापा प्लेयर अफ द म्याच भए ।

यही फागुन २५ देखि भैरहवाको सिद्धार्थ रंगशाला, तिलोत्तमाको एक्स्ट्राटेक र लमही राष्ट्रिय क्रिकेट मैदानमा प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिता हुँदैछ । उक्त प्रतियोगिताका लागि लुम्बिनी प्रदेशस्तरीय टिम छनोटका लागि जिल्ला स्तरको छनोट खेल सुरु भएको हो ।

रुपन्देही, पश्चिम नवलपरासी, कपिलवस्तु, पाल्पा, दाङ, बाँके र बर्दिया गरी ७ जिल्लाका टिम सहभागी छनोट खेलबाट प्रत्येक जिल्लाका उत्कृष्ट खेलाडी छनोट गरी लुम्बिनी प्रदेशको एउटा टिम बनाइने प्रादेशिक क्रिकेट संघ लुम्बिनी प्रदेशका अध्यक्ष सञ्जय गुरुङले जानकारी दिए ।

# महआयात रोक्न माग



दाङ । महले बजार पाउन नसकेपछि मौरी पालेर जीविका चलाउँदै आएका किसान समस्यामा पर्न थालेका छन् । नेपाल मौरीपालक सङ्घ दाङका अध्यक्ष दिनेश ओलीले बजारीकरणको मुख्य समस्याले गर्दा यसमा लागेका किसान घट्दै जान थालेको बताए ।

घोराही उपमहानगरपालिका-१८ गिठेपानीमा चुन्वाङ एपिकल्चर मौरीफार्ममार्फत् व्यावसायिक मौरीपालन गर्दै आएका ओलीले चरन अभाव र विदेशी महको आयातका कारण स्वदेशमा मौरीपालन गर्ने किसान समस्यामा पर्दै गएको उनले बताए ।

उनले भने-"बजारमा विदेशी मह बिक्री भइरहेको छ । नेपाली मह घरमा थन्क्याउनुपर्ने बाध्यता छ ।" विभिन्न स्थानमा मौरी चराउन जाँदा विषादिका कारण, जलवायु परिवर्तन, तोरीको उत्पादनमा कमी आउँछ भन्ने गलत धारणालगायत कारणले पनि किसान समस्यामा पर्ने गरेका छन् ।

उनले भने-"किसान पलायन हुनुको मुख्य कारण चरन क्षेत्रको अभाव त छँदै थियो तर अहिले बजारीकरणको समस्या झन् बढी भयो । आयातित महले नेपाली बजार भरिएको छ । विभिन्न ब्राण्डका नाममा विदेशी मह बिक्री हुने गरेको छ ।" यसलाई रोक्न सकियो भने बल्ल यहाँका मौरीपालक किसानलाई सहज हुने उनको भनाइ छ ।

मौरीपालक किसान ओली विगत १५ वर्षदेखि मौरीपालन व्यवसायमा छन् । उनले १० घारबाट सुरु गरेको अहिले ८० घारसम्म पुगेको छ । उनको कुनै समय एक सय ५० घारसम्म थियो । पछिल्लो समय विभिन्न समस्याले गर्दा केही घटाएको उनी बताउँछन् । बाहिरबाट आउने मह सस्तो मूल्यमा आउने भएकाले पनि यहाँको महले उचित मूल्य पाउन नसकेको उनी बताउँछन् ।

यो वर्षको पनि केही मह अझैं बिक्री गर्न बाँकी रहेको उनले बताए । सरकारीस्तरबाट पनि मौरीपालक किसानले भोग्दै आएको समस्या समाधानका लागि पहल गरिदिए सहज हुने उनको भनाइ छ ।

तोरीको स्रोतमा अत्यधिक विषादी प्रयोग गर्ने भएकाले मह मर्ने समस्या रहेको उनले जनाए । अहिले दाङमा मौरी व्यावसायिक रूपमा पालन गर्नेको संख्या आठ सय बढी छ ।

उनले एक घारबाट वार्षिक २५ किलोसम्म मह उत्पादन गर्दै आएको भए पनि यसैबाट किसानको जीवनस्तर माथि उठाउने सम्भावना नभएको उनको भनाइ छ । समान्य जीविकोपार्जन भने भइरहेको उनी बताउँछन् । आगामी दिनमा सबै मौरीपालक किसानलाई नेपाल मौरीपालक सङ्घमा गोलबद्ध गरी अहिले भइरहेको समस्या समाधान गर्नेतर्फ लाग्ने किसान ओली बताउँछन् ।

# ज्ञानगंगा पाठशालाले १३औं वार्षिकोत्सव

तिलोत्ता । रुपन्देहीको तिलोत्तमा-४ स्थित ज्ञानगंगा पाठशालाले बुधबार १३औं वार्षिकोत्सव तथा अभिभावक दिवस मनाएको छ । विद्यालयका अध्यक्ष ऋषिराम पाण्डेको अध्यक्षता तथा रुपन्देही क्षेत्र नम्बर ५ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य बासुदेव घिमिरेको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो ।

सो अवसरमा बोल्दै सांसद घिमिरेले संस्थागत विद्यालयका समस्या समाधान गर्न आफू सधैं प्रयत्नशील रहेको बताए । उनले देशको शैक्षिक विकासमा संस्थागत विद्यालयहरुको भूमिका प्रमुख देखिएको बताउँदै निजी स्कूलबाट उत्तीर्ण हुने विद्यालयलाई पनि सामुदायिक विद्यालयका विद्यार्थीसरह अवसर पाउनुपर्ने बताए । विद्यालयका प्राचार्य चन्द्र अधिकारीले हरेक वर्षको वार्षिकोत्सवको अवसरमा शत प्रतिशत विद्यार्थी विभिन्न कार्यक्रममा सहभागिता जनाएको जनाए ।

विद्यालयका सल्लाहकार डा. विनोद पराजुलीले विद्यार्थीको स्वास्थ्य र खानपानमा ध्यान दिन सकेमा विद्यार्थीको सबै पक्ष सबल बन्ने बताए । कार्यक्रममा वडा नम्बर ४ का अध्यक्ष हरिबहादुर क्षेत्री, सल्लाहकार टीकाराम घिमिरे, विद्यालयका प्रबन्ध निर्देशक युवराज न्यौपाने, सञ्चालक समिति सदस्य खुमाकान्त पौडेल ज्ञानप्रसाद ज्ञवाली, कृष्णबहादुर जिसी विद्यार्थी प्रतिष्ठा ज्ञवालीलगायतले बोल्दै विद्यालयको शैक्षिक गुणस्तर अब्बल रहेको भन्दै यसलाई अझैं बढाउँदै जान सुझाव दिए । सो अवसरमा विद्यार्थीहरुले विभिन्न गीत, नृत्य, संबाद, नाटक कविता , दोहोरीलगायत विभिन्न प्रस्तुति प्रस्तुत गरेको शिक्षक कुलचन्द्र पुरीले जानकारी दिए ।

---

**अहिले...**

२००७ सालमा प्रजातन्त्र आए पनि, ३० वर्ष पञ्चायत, १० वर्ष जनयुद्ध, १० वर्ष संविधान निर्माण गर्दा ५० वर्ष गयो, अब देशमा राजनीतिक क्रान्ति पूरा भएको छ, अबको दशकलाई विकास दशकको रुपमा लैजानु पर्नेमा पार्टी महामन्त्री थापाले जोड दिए । देशमा नकारात्मक प्रचार गर्ने, देश बिग्रियो, भत्कियो प्रचार गर्नैहरु नै देश भनेर छोरा नातीलाई सुनाउने र विदेश जानप्रोत्साहन गर्ने, पक्षबाट देश अहिले खतरामा रहेको महामन्त्री थापाले खुलासा गरे ।

नेपाली कांग्रेसले विगतमा गर्ने राजनीतिक आमसभालाई लोकतान्त्रिक महोत्सवमा रुपमा रुपान्तरण गरेर जनतासंग जोडिने काम गरेको छ । महोत्सवमा नेपाली कांग्रेस विचारधारका स्थानीय उत्पादन, निःशुल्क स्वास्थ्य शिविरहरु सञ्चालन गरिएको थियो ।

**छाडा पशु...**

आगामी प्रदेशसभाको अधिवेशनमा विधेयक पेश गर्ने तयारी भइरहेको उनले जानकारी दिए ।

प्रदेश सरकारले कानुनमा एकरूपता कायम गर्न ऐन निर्माण गर्न लागेको हो । हाल केही स्थानीय तहले कार्यविधि बनाएर गौशाला सञ्चालन गरिरहेका छन् । तर, कानुनी स्पष्टता र प्रभावकारी कार्यान्वयनका लागि प्रदेशस्तरबाट नीति बनाउने तयारी भइरहेको छ । संघीय कानुनका कारण देखिएका अप्ठ्यारा फुकाउन प्रदेश सरकारले पहल गर्ने मुख्यमन्त्री आचार्यले बताएका छन् । पर्यटन, कृषि तथा मुख्यमन्त्री कार्यालयको संयुक्त समन्वयमा लुम्बिनी प्रदेशभर व्यवस्थित रूपमा गौशाला सञ्चालन गर्ने नीति निर्माण गरिनेछ ।

'कानुनमा एकरुपता आवश्यक छ । यसकालागि प्रदेश सरकारले ऐन निर्माण गर्ने कुरामा म विश्वास दिलाउन चाहन्छु,' मुख्यमन्त्री आचार्यले भने-'प्रदेश सरकारले गाईवस्तुको संरक्षण गर्ने मात्रै नीति लिएको छैन, यसको उचित व्यवस्थापन, नश्ल सुधार गर्दै आम्दानीको स्रोतवृद्धि गर्ने सम्मका योजना छन् ।'

प्रदेश सरकारले गौसंरक्षणलाई मात्र होइन, नस्ल सुधार गरी गाईपालनलाई आम्दानीको स्रोतका रूपमा विकास गर्ने योजना बनाउन थालेको हो । पशु चिकित्सक र गाई हेरचाहका लागि आवश्यक जनशक्ति व्यवस्था गरिने, वन क्षेत्रलाई जोगाउँदै अस्थायी गोठ निर्माण गरी गाईबस्तुको उचित व्यवस्थापन गर्ने नीति अवलम्बन गरिने मुख्यमन्त्री आचार्यले बताए ।

सामुदायिक गाईबस्तुको प्रभावकारी व्यवस्थापनकोलागि प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र तथा समुदायको सहकार्यमा अगाडि बढाउनुपर्नेमा जोड दिइएको हो ।

सामुदायिक गाईबस्तुका कारण बालीनालीमा नोक्सानी भई बाली उत्पादनमा क्षति पुगेको, सडक तथा बजार क्षेत्रमा पैदल यात्री तथा सवारीसाधन आवागमनमा समस्या परेको, लोकमार्गहरुमा सामुदायिक गाईबस्तुको अवरोधका कारण सडक दुर्घटना हुने गरेका जस्ता समस्याहरु देखा परेका छन् ।

बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेयको अध्यक्षता तथा मुख्यमन्त्री चेतनारायण आचार्यको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकाल, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री दिनेश पन्थी, आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्की, उद्योग, पर्यटन तथा यातायात मन्त्री प्रचण्ड विक्रम न्यौपाने, प्रदेश सरकारका प्रमुख सचिव बावुराम अधिकारी, मन्त्रालयका सचिवलगायत स्थानीय तहका जनप्रतिनिधि तथा सरोकारवाला पक्षको सहभागिता रहेको थियो ।

# नेवाः देय् दबू नवलपुरको सपथग्रहण तथा पद हस्तान्तरण कार्यक्रम

नवलपुर । नेवाः देय् दबू नवलपुरको पाँचौ जिल्ला अधिवेशनबाट निर्वाचित पदाधिकारी तथा सदस्यहरुको बुधबार एक कार्यक्रमका बिच कावासोतीमा सपथग्रहण तथा पदहस्तान्तरण गरिएको छ ।

नेवाः देय् दबू केन्द्रीय उपाध्यक्ष हरिकुमार श्रेष्ठको प्रमुख अतिथ्यितामा भएको कार्यक्रममा निर्वाचन मण्डलका सदस्य शिवजंग श्रेष्ठले निर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई सपथ ग्रहण गराएका थिए ।

त्यसैगरी कार्यक्रममा नेवाः देय् दबू नवलपुरका निवर्तमान अध्यक्ष कृष्णकुमार श्रेष्ठले नवनिर्वाचत अध्यक्ष मित्रलाल श्रेष्ठलाई माइनट दिइ पद हस्तान्तरण गरेका थिए ।

सपथ ग्रहण तथा पदहस्तान्तरणपछि बसेको पहिलो बैठकले नवलपुर उद्योग वाणिज्य संघको महोत्सवमा संस्थागत रुपमा सहभागी नहुने जनजाति महासंघ र जातीय संगठनको निर्देशन अवज्ञा गरी महोत्सवमा सहभागी हुने गुठीसँग स्पष्टिकरण लिने निर्णय गरेको नेवाः देय दबू नवलपुरका अध्यक्ष मित्रलाल श्रेष्ठले बताए ।

त्यसैगरी बैठकले अहिंसा बौद्धपार्कमा नेवाः देय् दबू नवलपुरको जिल्ला कार्यालय (नेवाः छेः) गराउन आर्थिक संकलन अभियानलाई अगाडि बढाउने निर्णय गरेको छ ।

त्यसैगरी बैठकले मित्रलाल श्रेष्ठ, गोविन्द श्रेष्ठ, रामकुमार श्रेष्ठ, शिवजंग श्रेष्ठ र सुमित्रा श्रेष्ठलाई केन्द्रीय प्रतिनिधिको रुपमा चयन गरेको छ भने प्रदेश प्रतिनिधिमा कृष्णकुमार श्रेष्ठ, सूर्यप्रसाद श्रेष्ठ, घनश्याम श्रेष्ठ, ईश्वरबहादुर श्रेष्ठलाई प्रदेश प्रतिनिधिको रुपमा चयन गरेको छ ।

नेवाः देय दबू गण्डकी प्रदेशको प्रदेश अधिवेशन फाल्गुन २४ र २५ गते तनहूँको बन्दीपुरमा हुँदैछ ।

यसैबिच नेवाः देय् दबूका केन्द्रीय उपाध्यक्ष हरिकुमार श्रेष्ठले शुभकामना मन्तव्य राख्दै आफूले पुन केन्द्रीय उपाध्यक्षमा उम्मेदवारी दिने तयारी गरेको घोषणा गरे । उनले आफूलाई सघाउन पनि सबैलाई आग्रह गरे । केन्द्रीय महाधिवेशन फाल्गुन ९ र १० गते हुने भएको छ ।

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# बुटवल पब्लिक स्कूलले मनायो २२औं वार्षिकोत्सव




तिलोत्तमा । तिलोत्तमा-३ स्थित बुटवल पब्लिक स्कूलले २२औं वार्षिकोत्सव मनाएको छ। २२औं वार्षिकोत्सवको अवसरमा तिलोत्तमा ११ बेलडाँडामा १५ करोड लागतमा स्कूलले निर्माण गरेको रिसर्च एण्ड स्पोर्टस् सेन्टर (स्टेडियम)को उद्घाटन गरिएको छ। फुटबल र क्रिकेट मैदान, स्वीमिङ पुल र टनेलसहितको उक्त स्टेडियम २ बिघा जग्गामा बनेको छ । स्टेडियम र वार्षिकोत्सव उद्घाटन गर्दै तिलोत्तमा नगरपालिकाका मेयर रामकृष्ण खाँणले बुटवल पब्लिक स्कूलले यस क्षेत्रमै पहिलोपटक करोडौं लगानीमा आफ्नै सुविधासम्पन्न खेल मैदान निर्माण गरेर नमूना उदाहरण पेश गरेको बताए। विभिन्न चुनौती सामना गरेर विद्यालयले उत्कृष्ट नतिजासहित खेल क्षेत्रमा समेत सिर्जनशील र ठूलो योगदान गर्ने गरी स्टेडियम बनाएको बताए।

उनले निजी विद्यालयले रोजगारी सिर्जना र आर्थिक विकासमा योगदान दिएको भन्दै संस्थागत विद्यालयको लगानीको सुरक्षा नगरपालिकाले गर्ने बताए। उनले तिलोत्तमामा शैक्षिक संस्थामा तालाबन्दी जस्ता आन्दोलन निषेध गरिएको भन्दै कसैले तालाबन्दी गरे नगरपालिकाले ताला खोल्ने बताए।

कार्यक्रममा बोल्दै संस्थाका संस्थापक अध्यक्ष हेमलाल शर्मा भुसाल र सह-प्राचार्य रामचन्द्र पौडेलले शिक्षामा आधुनिक प्रयोग गर्दै डिजिटल, अनुसन्धानमूलक, व्यावहारिक, विद्यार्थी केन्द्रित र झोला रहित (ब्यमगलेस) शिक्षण सिकाइलाई अवलम्बन गरेको बताए।

सो अवसरमा तिलोत्तमा ११ का वडाध्यक्ष विष्णु बराल, रुपन्देहीका पूर्व जिशिअ टेकबहादुर थापा, अभिभावक संघका हेम थापा, विद्यार्थीहरु सुवोध ज्ञवाली र श्रीषा न्यौपानले बुटवल पब्लिक स्कूल गुणस्तरीय शिक्षा र आफ्नै खेल मैदानका कारण विद्यार्थी र अभिभावकको रोजाइमा परेको बताए। सो अवसरमा शिक्षा क्षेत्रको विकासमा पत्रकारितामार्फत् योगदान पुऱ्याएवापत दैनिक लुम्बिनीका सह-सम्पादक टिआर शर्मासहित पत्रकार सन्जु पौडेल र कपिल ज्ञवालीलाई सम्मान पत्र प्रदान गरिएको थियो। यस्तै सामाजिक क्षेत्रमा योगदान गरेवापत सिद्धार्थ बाल गृह, देवदहकी कल्याणी पौडेल र इञ्जिनियर सन्तोष आचार्यलाई पनि सम्मान पत्र प्रदान गरिएको थियो। कक्षा १२ सम्म पढाइ हुने विद्यालयमा करिब १२ सय विद्यार्थी छन्।

# काशीलाई अन्तर्राष्ट्रिय गुणस्तर चिन्ह

**मोहम्मद हबिब**

*भैरहवा*

रुपन्देहीको भैरहवामा अवस्थित काशी नोबल एकेडमीले प्रारम्भिक चरणमा अन्तर्राष्ट्रिय गुणस्तर प्रमाणपत्र 'आईएसओ चिन्ह' प्राप्त गरेको छ। विश्वासिलो, आधुनिक र सहज शिक्षा सेवा प्रदान गरेर विद्यालयले अन्तर्राष्ट्रिय गुणस्तर प्रमाणपत्र पाएको हो। बुधबार एक कार्यक्रमका बिच एकेडेमीलाई अर्न्तराष्ट्रिय गुणस्तर चिन्हको लोगो प्रदान गरिएको छ।

अन्तर्राृष्ट्रिय गुणस्तर प्रमाणीकरण संस्थाको दक्षिण एशिया हेर्ने संस्था ग्लोबल क्वालिटी काउन्सिलले नेपालका लागि सहजीकरण गर्दै आएको छ। नेपालका प्रतिनिधि सुदिप शर्माले काशी नोबल एकेडेमीले आफ्नो शैक्षिक गुणस्तर निरन्तर कायम राखेको र आवश्यक सूचकहरु पुरा गरेको हुँदा प्रारम्भिक चरणमा आइएसओ चिन्ह प्रदान गरिएको बताए। उनले यसको ५० बढी सूचक रहेको विद्यालयले यसलाई एक वर्षभित्र पुरा गर्ने गरी गुणस्तर चिन्ह प्रदान गरिएको बताए।

विश्वमा ४ करोड संस्था आइएसओ प्राप्त छन् भने नेपालमा १४ सय बढी आबद्ध भई प्रमाणिकरण पाएका छन् भने केही प्रक्रियामा रहेको बताए। धेरै सूचकहरु रहेको गुणस्तर प्रमाणिकरणका लागि मापदण्डमा रहनु पर्छ। उनले अन्तर्राष्ट्रिय गुणस्तर प्रमाणीकरणको पहिलो चरण भएकोले यसलाई कायम राख्न शिक्षक कर्मचारीसँगै अभिभावकहरुको भूमिका पनि महत्पवूर्ण हुने बताए।

उनले आइएसओले काशीलाई यस क्षेत्रको उत्कृष्ट विद्यालयको रुपमा स्थापित गरेको बताए। उनले अन्यको तुलनामा विद्यालयको प्रशासन उत्कृष्ट रहेको प्रमाणित गर्न तथा विद्यालयले प्रदान गरिरहेका सेवाहरु अरुका भन्दा फरक र सेवाग्राहीहरु प्रति संवेदनशील रहि गुणस्तरिय सेवा प्रदान गर्ने विषय आइएसओले प्रमाणित गर्ने ग्लोबल क्वालिटी काउन्सिलका प्रतिनिधि शर्माले बताए।

शर्माले उक्त विद्यालयले अधिकांश मापदण्ड पूरा गरेको र अबको अवधिमा बाँकी मापदण्ड विद्यालयका सबै मिलेर आ-आफ्नो तह र तब्काबाट जिम्मेवारी पूरा गर्नु पर्ने बताए।

विद्यालयको नेतृत्व, अभिलेखीकरण र सबल, चुस्त व्यवस्थापन, सेवाग्राहीसँगको व्यवहार र सेवा सुविधा तथा सन्तुष्टि, सरेकारवाला निकायसँगको सम्बन्ध र समन्वय, कर्मचारीहरु बिच कामको बातावरणलगायतका काम कार्यालयले अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप सेवा प्रवाह गरेकामा अन्तर्राष्ट्रिय गुणस्तर संगठनले उक्त चिन्ह प्रदान गर्छ।

उत्कृष्ट विद्यालयहरूलाई प्रदान गरिने अन्तर्राष्ट्रिय मापदण्डको गुणस्तरचिन्ह 'आइएसओ' सर्टिफिकेट प्राप्त गर्ने सिद्धार्थनगर नगरकालीकाको पहिलो विद्यालय काशी नोवेल एकेडेमी बनेको छ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ओम जैसी, प्रधानाध्यापक राजेन्द्र घिमिरेलाई नेपाल आइएसओका नेपाल प्रतिनिधि सुदिप शर्माले उक्त लोगो हस्तान्तरण गरेका हुन्।

समारोहमा प्रमुख अतिथि तथो जिल्ला प्रशासन कार्यालय रुपन्देहीका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले आइएसओ सर्टिफिकेट प्रात गरेकोमा काशी नोवेल एकेडेमीलाई बधाई दिँदै उनले गुणस्तरीय शैक्षिक बाटो कायम गर्दै विद्यार्थीहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्नुमा यसले महत्वपूर्ण भूमिका खेल्ने बताए।

उनले गुणस्तरि चिन्ह पाएर मात्र नभई अबको दिनमा यसलाई कायम राख्न पनि विद्यालयले असल व्यवस्थापनमा जोड दिनु पर्ने बताए। उनले नेपालको शैक्षिक उन्नयनमा संस्थागत विद्यालयहरुले महत्वपूर्ण साझेदारी गरेको बताउदै यसमा काशी नोबलको योगदान पनि उच्च रहेको जनाए।

आइएसओ २१००१ शैक्षिक संस्थाहरूका लागि अन्तर्राष्ट्रिय मानक हो, जसले शैक्षिक संस्थाहरूमा सिक्ने र सिकाउने माध्यमहरूका लागि मार्गनिर्देश गर्दछ।

सिद्धार्थनगर नगरपालिका वडा नम्बर १२ जनकपथस्थित काशी नोबल एकेडेमी २०५२ सालमा स्थापना भएको थियो। त्यसयता यो विद्यालयले लगातार गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको छ। हाल विद्यालयमा १ हजार ५ सय ४३ जना विद्यार्थीहरु र १ सय १७ जना शिक्षक तथा कर्मचारीहरु रहेको विद्यालयका प्रधानाध्यापक राजेन्द्र घिमिरेले जानकारी दिए।

घिमिरेले भने-'गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको काशी नोबल एकेडेमीले विद्यार्थी चौतर्फी विकासका लागि अतिरिक्त क्रियाकलापलाई जोड दिएको छ।'

विद्यालयमा सुविधासम्पन्न पुस्तकालय, कम्प्युटर सुविधा, यातायात सुविधा, अतिरिक्त क्रियाकलापको व्यवस्था रहेको उनले जानकारी दिए।

# मणिमुकुन्दमा अभिभावक र विद्यार्थीलाई अभिमुखीकरण



बुटवल। बुटवलको मणिमुकुन्द मावि तथा कलेजले अभिभावक र विद्यार्थीलाई अभिमुखीकरण गरेको छ।

कार्यक्रममा ख्यातिप्राप्त मोटिभेसनल प्रशिक्षक बिके शर्माले अभिभावक र विद्यार्थीलाई पढाई, अनुशासन, असल संस्कार र मेहनत आदि पक्षबारे प्रभावकारी ढंगले जानकारी गराएका थिए। प्रशिक्षक शर्माले हरेक विद्यार्थीको पहिलो पाठशाला घर र आमा बुवा नै पहिलो शिक्षक भएकाले घरमा पढाइको वातावरण बनाउनुपर्ने, राम्रो संस्कार र अनुशासन सिकाउनुपर्नेमा जोड दिए। विद्यालय वा कलेजको मात्रै भर परेर विद्यार्थीले राम्रो नतिजा ल्याउन कठिन हुने भएकाले अभिभावकको पनि उत्तिकै भूमिका र निगरानी हुनुपर्ने प्रशिक्षक शर्माले सुझाव दिए।

आफ्नो बच्चाको मिल्ने साथीहरुको पढाइको स्तर कस्तो छ, उसको परिवारको पृष्ठभूमिकस्तो हो आदि बुझेर यदि पढाइमा कमजोर र पारिवारिक पृष्ठभूमि असल नभएका साथीहरु छन् भने उनीहरुसंगको संगत हटाएर पढाइ र घरको संस्कार राम्रो भएकालाई साथी बनाउन लगाउनुपर्ने शर्माले बताए।

बालबालिकालाई मोबाइल र इन्टरनेटको प्रयोग कम गराउने र जन्म दिनमा पुस्तक उपहार दिने बानीको विकास गर्न पनि प्रशिक्षक शर्माले अभिभावकलाई सुझाव दिए।

बालबालिकालाई गाली नगरी सकारात्मक कुरामार्फत पढाइको महत्व बुझाउनुपर्ने पनि शर्माले बताए।

कार्यक्रममा संस्थाका प्राचार्य टुकबहादुर क्षेत्रीले विद्यार्थीलाई संस्कारी,अनुशासित र पढाइमा अब्बल बनाउन संस्थाले हरेक वर्ष ख्यातिप्राप्त मोटिभेसनल प्रशिक्षक ल्याएर अभिावक र विद्यार्थीलाई असल मार्गमा लाग्न उत्प्रेरित गर्दै आएको बताए।

संस्थाले पढाइको गुणस्तरसँगै अनुशासन र संस्कारलाई उच्च प्राथमिकता दिएकाले मणिमुकुन्दको बेग्लै पहिचान बनेको बताए।

संस्थाका सञ्चालक समिति सदस्य उमापति न्यौपानेलेआफ्ना बालबालिकालाई पढाईमा अब्बल, नैतिकवान र संस्कारयुक्त बनाउन अभिभावकको भूमिका र घरको वातावरणको नै प्रमुख भूमिका हुने बताए।

कार्यक्रममा प्ले ग्रुपदेखि ३ सम्मका अभिभावक तथा कक्षा ४ देखि ९ सम्मका विद्यार्थी र अभिावक दुबै गरी दुई चरणमा प्रशिक्षण दिइएको मणिमुकुन्द माविका संयोजक हरिप्रसाद पौडेलले बताए। कार्यक्रममा अभिभावक र विद्यार्थी गरी एक हजार बढी सहभागी भएका विद्यालयका शिक्षक प्रकाश सुवेदीले बताए।

# प्रजातन्त्र दिवसमा निःशुल्क स्वास्थ्य शिविर




**कृष्ण पोखरेल**

*पाल्पा*

प्रजातन्त्र दिवसको अवसरमा जिल्ला स्वास्थ्य कार्यालय पाल्पाले निःशुल्क रुपमा स्वास्थ्य शिविर सञ्चालन गरेको छ। स्वास्थ्य शिविरमा सुगर, ब्लड प्रेसर, मृगौला परीक्षण तथा उचाई र तौल नापजाँच गरिएको हो। नेपाल सरकार स्वास्थ्य मन्त्रालयले नसर्ने रोगको प्रारम्भिक पहिचान, तथ्याङ्क संकलन र रोकथामका लागि देशभर फागुन महिनाभरी ३० वर्षभन्दामाथि उमेरका सबै व्यक्तिहरुमा स्क्रिनिङ्ग कार्यक्रमलाई सफल बनाउन प्रजातन्त्र दिवसको अवसरमा शिविर सञ्चालन गरिएको हो।

अहिले नेपालमा नसर्ने रोग अन्तरगत मधुमेह, उच्च रक्तचाप, मृगौला तथा उच्चतौल भएका रोगीहरुको संख्या दिनप्रतिदिन तीव्र रुपमा बढ्दै गएको छ। सरकारले, नसर्ने रोगलाई न्यूनीकरण गर्नको लागि पाल्पाका १० वटै पालिकाका स्वास्थ्यचौकी, अस्पताल, जिल्ला तथा क्षेत्रीय अस्पतालहरुमा निःशुल्क सुगर, ब्लड प्रेसर, मृगौला परीक्षण तथा उचाई र तौल नापजाँच गर्दै आएको छ।

नागरिकहरुको परीक्षण तथा चेकजाँच दर बढाउन, यो अभियान सफल बनाउन प्रजातन्त्र दिवसको अवसरमा समेत जिल्ला स्वास्थ्य कार्यालय पाल्पाले परीक्षण डेक्स स्थापना गरी, चिकित्सकको सहभागितामा निःशुल्क रुपमा सुगर, ब्लड प्रेसर, मृगौला परीक्षण तथा उचाई र तौल नाप तथा परामर्श कार्यक्रम गरेको जिल्ला स्वास्थ्य कार्यालय पाल्पाका निमित्त प्रमुख टुकप्रसाद पोखरेलले बताए।

प्रजातन्त्र भनेकै जनतालाई खुसी, सुखी, निरोगी बनाउँदै समृद्धि बनाउने हो। बढ्दै गएको सुगर प्रेसर जस्ता जटिल दिर्घरोगको कारण अन्य रोग निम्तिने भएकोले आफू पनि चेकजाँच गरौं अरुलाई पनि चेकजाँचमा सहयोग गरौं, कोही पनि नछुटौ भन्ने अभियानका साथ सरकारले शुरु गरेको महाअभियानलाई सफल बनाउन प्रजातन्त्र दिवसमा यो कार्यक्रम गरेमो प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले जनाए।

पाल्पा दरबार परिसरमा सञ्चालन गरिएको चेकजाँच तथा परीक्षण कार्यक्रममा जिल्लाका राजनीतिक दल, कर्मचारी, नागरिक समाज, विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, पत्रकार, सुरक्षाकर्मीहरु तथा सर्वसाधारणहरुको सहभागिता रहेको थियो। चेकजाँचमा अधिकांश व्यक्तिहरुको शरीरलाई आवश्यकताभन्दा बढी तौल भएको, केही सुगर तथा प्रेसर बढी भएका व्यक्तिहरु भेटिएको परीक्षण कार्यमा सहभागी पाल्पा अस्पतालकी चिकित्सक डा. मिनुकाकुमारी रजतले बताइन्।

पाल्पाको विभिन्न स्वास्थ्य संस्थामा पनि यो अभियान तीव्र रूपमा सञ्चालन भइरहेको छ। स्थानीय स्वास्थ्यकर्मीहरूले सेवाग्राहीहरूको स्वास्थ्य परीक्षण गर्दै आवश्यक सल्लाह सुझाव प्रदान गरिरहेका छन्। स्वास्थ्य नै धन हो भन्ने भनाइलाई बलियो बनाउन, यस्तो स्क्रिनिङ् अभियानले नागरिकहरूलाई सचेत गराउनुका साथै समयमै रोग पहिचान गर्न सहयोग गने छ।

# नवलपुरमा १६ हजार ६ सय ४५ किशोरीले लगाए एच.पी.भी. खोप



कावासोती। गत माघ २८ गतेदेखि सुरु भएको एच.पी.भी. खोप अभियानमा नवलपुरका १६ हजार ६ सय ४५ किशोरीले लगाए एच.पी.भी. खोप लगाएका प्रदेश जनस्वास्थ्य कार्यालय नवलपुरले जनाएको छ।

कक्षा ६ देखि १० सञ्चालन भएका २ सय ३० विद्यालय र ९० वटा स्वास्थ्य संस्थामा दुई चरणमा गरेर सञ्चालन भएको खोप अभियानमा ९६.१८ प्रतिशत अर्थात १६ हजार ६ सय ४५ जनाले खोप लगाएका प्रादेशिक स्वास्थ्य कार्यालयले जानकारी दिएको छ।

अभियानको क्रममा सबैभन्दा धेरै गैंडाकोटमा ३ हजार ४ सय २७ जना र कम बौदीकालीमा ४ सय ९० जना किशोरीले खोप लगाएका हुन्।

त्यसैगरी देवचुलीमा २ हजार ८ सय जना, बुलिङ्गटारमा ५ सय ३४ जना, कावासोतीमा ३ हजार ८ सय ३ जना, मध्यविन्दुमा २ हजार ३ सय ४५ जना, हुप्सेकोटमा १ हजार १ सय ६६ र विनयी त्रिवेणीमा १८८० जना किशोरीले खोप लगाएका हुन्। अभियानका क्रममा १६ हजार ३ सय ६ जना विद्यालय जाने र १ सय ३९ जना विद्यालय नजाने किशोरीले खोप लगाएका हुन्।

प्रदेश स्वास्थ्य कार्यालय अभियानको सुरुवात गर्दा जिल्लामा १७ हजार ९९ जना किशोरीलाई खोप लगाउने लक्ष्य राखिएको जनाएको थियो।

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ
न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रुपन्देही



विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाइनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com